# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुहवी, सुनसरी
## प्रदेश नं. १, नेपाल

# नवौं नगरसभामा प्रस्तुत बजेट बक्तब्य

**सभाध्यक्ष महोदय तथा सभासदज्यूहरु,**

दुहबी नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले नवौं नगरसभामा आ.व.२०७८/७९ को वार्षिक बजेट प्रस्तुत गर्न पाउदा अत्यन्त हर्ष एवं गौरवान्वित महसुस गरेको छु। यस अवसरमा प्रजातन्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलन एवं लोकतन्त्र स्थापना गर्ने आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। यसका साथै विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड-१९) बाट ज्यान गुमाउनुहुनेहरुका परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै यसबाट प्रभावित नगरबासीहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

**सभाध्यक्ष महोदय,**

विश्वमा नै कोभिड-१९ महामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतिपूर्ण परिस्थितिको सामना गर्दै नागरिकको जीवन रक्षा गर्न र नगरको आर्थिक गतिविधिलाई गतिशील तुल्याउँदै पुनरुत्थान गर्न सकिन्छ भन्ने विश्वासका साथ म आ.व. २०७८/७९ को आय ब्ययको विवरण पेश गर्न उपस्थित भएको छु।

हालको अवस्थामा कोभिड-१९ महामारीको हाम्रो विकास र समृद्धिको यात्रालाई गम्भीर रुपमा प्रभावित गरेको छ। कोभिड महामारी र सोको रोकथाम र नियन्त्रण गर्न वाध्यतावस अवलम्बन गरिएका क्रियाकलापले गर्दा नगरवासीको रोजगारी समेत गुमेको अवस्था छ। संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि गरिएको अथक प्रयासका वावजुद ठूलो संख्यामा नगरवासीहरु संक्रमणमा परेको अवस्था छ। यस महामारीबाट ७ जना नगरवासीले मुत्युवरण समेत गरेकोमा गहिरो दु:ख ब्यक्त गर्दछु। संक्रमित बिरामीको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

कोभिड-१९ महामारीको दोस्रो लहरको जोखिम बढ्दै जाँदा हाम्रा सामु चुनौतीहरु थपिएका छन् । संक्रमणको अवस्था केही कम भएको देखिएता पनि जोखिम कायम रहने अवधि र यसको प्रभाव अझै यकिन हुन सकेको छैन । संकटको यस समयमा प्रत्येक नागरिकको जीवनरक्षालाई प्राथमिकता दिइनेछ। महामारीकै बीचमा पनि स्वास्थ्य सजकता अपनाउदै आर्थिक गतिविधिलाई निरन्तरता दिन नगरपालिका प्रतिवद्ध छ।

चालु आ.व. २०७७/७८ मा विश्वमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण भएको लक डाउनले गर्दा लक्षित राजश्व संकलन हुन सकेको छैन । संघीय सरकारबाट प्राप्त हुने राजश्व समेत लक्ष्य अनुसार प्राप्त नभएको हुँदा आर्थिक ब्यवस्थापनमा कठिनाई सिर्जना हुन गएको भएतापनि कोरोना भाइरसबाट प्रभावितहरुको ब्यवस्थापनका लागि आइसोलेसन केन्द्र सञ्चालनमा ल्याइएको छ । यस नगरसभाबाट चालु आ.व.को लागि स्वीकृत अनुमानमा समेत राजश्व परिचालन हुन नसकेका कारण योजना सञ्चालनमा असर परेको अवस्था छ ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व.मा चालु र पूँजीगत तर्फ कुल बजेट कमशः ४६,२२,९७,२६६। (अक्षरी छयालीस करोड बाइस लाख सन्तानब्बे हजार दुई सय छैसठ्ठी) र रु ३३,२७,१४,८५७। (अक्षरी तेतिस करोड सताइस लाख चौध हजार आठ सय सन्ताउन्न ) खर्च गर्ने लक्ष्य राखेकोमा २०७८ जेष्ठ मसान्त सम्म कमशः ३०,५१,४०,८७७। (अक्षरी तीस करोड एकाउन्न लाख चालिस हजार आठ सय सतहत्तर) रु.१८,२५,०९,४२३ । (अक्षरी अठार करोड पच्चिस लाख नौ हजार चार सय तेइस ) खर्च भई लक्ष्यको चालु तर्फ ६६ प्रतिशत र पुजीगत तर्फ ५५ प्रतिशत पुरा भएको देखिन्छ । यसैगरी नेपाल सरकारबाट समानीकरण अनुदान रु. १५,९३,००,०००। (अक्षरी पन्ध्र करोड त्रियानब्बे लाख), राजश्व बाडफाड रु. ९,२६,३०,९८०। (अक्षरी नौ करोड छब्बिस लाख तीस हजार नौ सय असी ), समपुरक अनुदान २,५०,००,०००। (अक्षरी दुई करोड पचास लाख) र सशर्त अनुदान रु. २१,४९,८२,०८०। (अक्षरी एक्काइस करोड उन्पचास लाख बयासी हजार असी) गरी जम्मा रु. ४९,१९,१३,०६०। (अक्षरी उनन्चास करोड उन्नाइस लाख तेह्र हजार साठी) प्राप्त हुनु पर्नेमा समानिकरण अनुदान रु. १५,९३,००,०००। (अक्षरी पन्ध्र करोड त्रियानब्बे लाख) राजश्व बाडफाड रु. ७,०३,४३,०८९। (अक्षरी सात करोड तीन लाख त्रिचालिस हजार उन्नानब्बे मात्र), समपुरक अनुदान २,००,००,०००। (अक्षरी दुई करोड) र शसर्त अनुदान रु. १९,८५,२१,०४०। (अक्षरी उन्नाइस करोड पचासी लाख एक्काइस हजार चालिस ) गरी जम्मा रु. ४४,८१,६४,१२९। (अक्षरी चौवालिस करोड एकासी लाख चौसट्ठी हजार एक सय उनन्तीस मात्र ) प्राप्त भएको छ भने प्रदेश सरकारबाट राजश्व बाडफाड ७१,२०,००० । (अक्षरी एकहत्तर लाख वीस हजार मात्र ) र समानीकरण अनुदान ७७,६१,००० । (अक्षरी सतहत्तर लाख एकसट्ठी हजार मात्र) गरी जम्मा रु. १,४८,८१,०००। (अक्षरी एक करोड अड्चालिस लाख एकासी हजार) प्राप्त हुनुपर्नेमा जेष्ठ मसान्तसम्म रु. १,१७,६५,९३६। (अक्षरी .एक करोड सत्र लाख पैसठी हजार नौ सय छत्तिस) प्राप्त भएको छ । यसैगरी आन्तरिक राजश्व तर्फ रु १०,००,००,०००। (अक्षरी दस करोड ) प्राप्त गर्ने लक्ष्य राखिएकोमा जेष्ठ मसान्त सम्म रु. ५,९८,०३,९७५। (अक्षरी पांच करोड अन्ठानब्बे लाख तिन हजार नौ सय पचहत्तर ) प्राप्त भएको छ । यसरी हेर्दा कुल आम्दानी

५१,९७,३४,०४०। (अक्षरी एकाउन्न करोड सन्तानब्बे लाख चौतिस हजार चालिस) मात्र भई कुल लक्ष्यको ८५.प्रतिशत उपलब्धी हासिल भएको देखिन्छ ।

लक्ष्य अनुसारको राजश्व वाडफाड र आन्तरिक आयमा रकम प्राप्त नभएको हुदा चालु वर्षका योजना तथा कार्यक्रमहरुको भुक्तानीमा केही कठिनाइ देखिएको छ । सोको व्यवस्थापन गर्न क्रमागत योजनाहरुको भुक्तानी गर्ने कार्यलाई आगामी वर्षमा निरन्तरता दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०७८/७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरुः**

“दुहवी नगरपालिका विकासको आधार, कृषि, उद्योग, प्रविधि, पर्यटन, खेलकुद र व्यापार” नारालाई सार्थक तुल्याई समृद्ध नगरीको रुपमा विकास गर्न आ.व. २०७८/०७९ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१ कोभिड १९को महामारीबाट नगरबासीको जीवनरक्षा गर्ने

२ सडक पूर्वाधारको विकास गर्दै दुहवी नगरपालिकालाई पर्यटकीय नगरको रुपमा पहिचान गराउने ।

३ कृषि उपजहरुको अधिकतम उपयोग गर्न कृषि बजार ब्यवस्थापनको प्रवर्द्धन गर्नुका साथै प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने ।

४ नगरबासीको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउदै प्राथमिक स्वास्थ्य सेवाको प्रत्याभूतिका साथै सामाजिक सुरक्षा एवं संरक्षण प्रदान गर्ने र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने ।

५ नगरको स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै थप उद्योगधन्दाको स्थापना र विकास गरी रोजगारीको अवसर सिर्जना गर्ने ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत उद्देश्यहरु हासिल गर्न देहायबमोजिम प्राथमिकता निर्धारण गरेको छुं ।

**बजेटका प्राथमिकताहरु :**

१. कोभिड १९ रोकथाम नियन्त्रण तथा उपचारमा सहजताका लागि परीक्षणको दायरा विस्तार गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको प्रभावकारी परिचालन ।

२. विकासका पूर्वाधारहरुमा लगानी ।

३. बेरोजगार नागरिकलाई रोजगारीको अवसर सिर्जना गर्दै सामाजिक सुरक्षा र संरक्षण ।

४. सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच ।

५. कृषि उत्पादन एवं उत्पादकत्व अभिबृद्धि गर्दै खाद्य सुरक्षाको लागि कृषी उत्पादनको प्रशोधन

६. आवश्यक जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड

**सभाध्यक्ष महोदय,**

अब म दुहबी नगरपालिकाको आ.व. २०७८/७९ को प्रस्तावित आय र व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सामाजिक विकास :**

१. कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियेन्ट सहितको संक्रमणको दोस्रो लहरको प्रकोपको प्रभाव अझै बढिरहेको अवस्थामा सोको प्रभावबाट दुहवी नगरपालिका पनि अछुतो रहन सकेन । सयौं नागरिक यसको प्रभावबाट प्रभावित भई ७ जना नागरिकको ज्यान समेत गएको अवस्था छ । नागरिकहरुको जीवनको रक्षा गर्न स्थानीय स्तरमै स्वास्थ्य उपचार सेवा सहज र सुलभ होस भन्ने उद्देश्यले चालु आ.व.देखि दुहवी नगर अस्पतालको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । एउटा स्वास्थ्य चौकीको भवन सहित ६ वटा आधारभूत स्वस्थ्य केन्द्रहरुको भवनका निर्माण कार्य सम्पन्न भई सञ्चालनमा ल्याइएको छ । यसै वर्षदेखि दुहवी नगरपालिका वडा नं. ११ मा रहेको तनमुना स्वास्थ्य चौकीलाई आधारभूत नगर अस्पतालमा रुपान्तर गर्दै सो को भवन निर्माणको कार्य प्रारम्भ हुनेछ । नगर आधारभूत अस्पतालमा अत्याधुनिक एक्स-रे मेसिन तथा अल्ट्रासाउण्ड मेसिन लगायतका उपकरण जडान गरी सेवालाई स्तरयुक्त बनाइनेछ । भलुवा स्वास्थ्य चौकीको अधुरो भवनको निर्माण कार्य सम्पन्न गरिनेछ । गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचलाई अभिबृद्धि गर्न सझेदारीमा  विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ । जनतासंग नगर प्रमुख कार्यक्रम अन्तरगत साझेदारी विमा कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि विमाको प्रीमियम बापत अधिकतम रु २५०० सम्मको अनुदान नगरपालिकाबाट कार्यविधि बनाई सोही अनुसार उपलब्ध गराइनेछ । जनतासंग नगरप्रमुख कार्यक्रम अन्तरत निःशुल्क आँखा उपचार कार्यक्रमलाई यस आ.व. मा पनि निरन्तरता दिइनेछ । आधारभूत नगर अस्पताल, ६ वटा स्वास्थ्य चौकीहरु र ६ वटा आधारभूत स्वास्थ्य केन्द्रमा रहेका जनशक्तिको प्रभावकारी परिचालनबाट कोभिडको प्रभावलाई न्यूनीकरण गर्ने कार्यक्रमहरु सञ्चालन हुनेछन् । त्यसैगरी नागरिकहरुका आधारभूत स्वास्थ्य सेवाका कार्यहरु ब्यवस्थित तरिकाले सञ्चालन गरिनेछ । बर्थिङ्ग सेन्टरको सेवा तथा निःशुल्क गर्भपतनको सेवाको ग्राह्यता अभिवृद्धिका

क्रियाकलापलाई निरन्तरता दिइनेछ । मातृ तथा बाल्यकालीन कुपोषण नियन्त्रण,पोषण पुर्नस्थापन एवम् पोषण प्रवर्द्धन कार्यक्रमको प्रभावकारिता बढाउने कार्यक्रम संचालन गरिनेछ । औद्योगिक तथा व्यावसायिक स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । पूर्ण खोप सुनिश्चितता र निरन्तरताका लागि आवश्यक कार्यहरु गरिनेछ । यी कार्यक्रमहरु सञ्चालन गर्नका लागि स्वास्थ्य सेवातर्फ कुल रु. ६,३४,०७,०००।(अक्षेरी छ करोड चौतिस लाख सात हजार) विनियोजन गरेको छु ।

२. विद्यालय शिक्षा क्षेत्रमा गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्दै शिक्षामा समतामूलक पहुँचको वातावरण तयार गर्ने, शिक्षालाई रोजगार उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गर्दै लगिनेछ । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ भने आधारभूतशिक्षा अनिवार्य र निःशुल्क हुने तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेबमोजिम नगरपालिका सबैका लागि गुणस्तरीय आधारभूतशिक्षाको सुनिश्चितता गर्न नगरपालिका प्रतिवद्ध रहेको छ । हाल विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विद्यालय शिक्षाको विकासका लागि समता, गुणस्तर, सक्षमता र सान्दर्भिकता विकास गर्ने जस्ता कार्यक्रमहरु कार्यान्वयन हुदै आएका छन् । विगतका वर्षहरूका उपलव्धिहरू र कार्यान्वयनमा देखिएका चुनौतिहरूबाट सिकिएका पाठका आधारमा शैक्षिक कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

शिक्षालाई मानव पूँजी निर्माणको आधार बनाउन गुणस्तरीय, जीवनोपयोगी, व्यावसायिक र प्रविधिमैत्री बनाई शिक्षामा सबै नगरबासीको पहुँच सुनिश्चित गर्ने, आधारभूततहमा विद्यार्थी भर्नादर बृद्धि गरी अनिवार्य र निःशुल्क आधारभूतशिक्षा सुनिश्चित गर्ने, प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम रू. १५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराइनेछ भने हाल समुदायस्तरमा सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रहरुलाई क्रमशः सम्बन्धित मातृविद्यालयमा समायोजन गर्दै लगिनेछ, यसैगरी कक्षा ५ सम्मका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रमको निरन्तरता, शिक्षक-विद्यार्थी अनुपातको आधारमा शिक्षकको दरवन्दी मिलान कार्यले न्यून दरबन्दी भएका विद्यालयमा आगामी वर्ष थप शिक्षक दरबन्दी पुग्ने हुदा समानुपातिक दरबन्दी वितरण हुने, सामुदायिक विद्यालयमा निःशुल्क ब्रोडब्याण्ड इन्टरनेट सेवा, सबै विद्यालयमा सि.सि.टि.भि. जडान गरी त्यसको माध्यमबाट नगरपालिकाले प्रत्यक्ष रुपमा अनुगमन, नियन्त्रण गर्नेछ र वैकल्पिक शिक्षण सिकाइ कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, बालबालिकालाई निशुल्क पाठ्यपुस्तक, सामुदायिक विद्यालय तहको स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षक कर्मचारीको तलब भत्ता, विद्यालय सञ्चालन मसलन्द, प्रतिविद्यार्थी लागत अनुदान, आधारभूततहमा छात्रा छात्रवृत्ति, अपांग छात्रवृत्ति, दलित छात्रवृत्ति, प्राविधिक शिक्षामा नगर प्रमुख क्षात्रवृति, सार्वजनिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थापन, माध्यमिक तह तथा निम्नमाध्यमिक तहमा शिक्षक अभाव परिपूर्ति गर्न शिक्षण सहयोग अनुदान उपलब्ध गराइने छ । विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत नमुना विद्यालय सरस्वती माविको भवन

निर्माण कार्य सम्पन्न गरिनेछ भने प्राविधिक धारको शिक्षालाई व्यवस्थित र सर्बसुलभ बनाउन सम्भाव्यता अध्ययन गरी विष्णु मा.वि.मा बृहत प्राविधिक शिक्षालय सञ्चालन गर्न विस्तृत परियोजना प्रस्ताव तयार गरिनेछ । माध्यमिक तहका बालबालिकाको प्राविधिक शिक्षामा मार्गनिर्देशनका लागि विद्यार्थी वृत्ति मार्ग निर्देशन कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय आवश्यकता अनुसार विद्यालय तहमा स्थानीय विषयको छनौट गरी पाठ्यक्रम निर्माण कार्य सम्पन्न गरिनेछ। यस्तो पाठ्यक्रम विकास गर्दा स्थानीयस्तरका उत्पादन आर्थिक तथा सामाजिक विकासका क्षेत्रलाई एकीकृत रुपमा समावेश गरिनेछ । यी कार्यक्रमहरु कार्यान्वयन गर्न शिक्षा तर्फ रु. १७,५५,५८,०००। (अक्षेरी सत्र करोड पच्पन्न लाख अन्ठाउन्न हजार) विनियोजन गरेको छु ।

३. युवाहरुको शारीरिक मानसिक, संवेगात्मक विकासको लागि खेलकुद आवश्यक पक्ष हो । खेलकुद क्षेत्रको विकासका लागि दुहवी नगरपालिका अग्रणी स्थानमा रहेको छ। विद्यालय तहदेखि नै खेलकुद क्षेत्रको विकासका लागि आगामी वर्ष राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रम, नगर प्रमुख फुटबल प्रतियोगिता, भलुवा गोल्डकप, मनमोहन स्मृति गोल्डकप, म्याराथुन, क्रिकेट, उप मेयर कप भलिबल प्रतियोगिता जस्ता खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ। खेलकुद क्षेत्रको बृहत्तर विकासका लागि दुहवी-७, भलुवामा आवासीय फुटबल प्रशिक्षण प्रतिष्ठान निर्माण गरिनेछ भने निर्माणाधिन अवस्थामा रहेको दुहवी रंगशाला निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

४. महिला बालबालिका तथा समाज कल्याणका सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि रु. २१,००,०००। (अक्षेरी एकाइस लाख) विनियोजन गरेको छु ।

सामाजिक विकास तर्फका कार्यक्रमहरु सञ्चालन गर्न रु. २६,६९,१३,०००। (अक्षेरी छब्वीस करोड उन्सत्तरी लाख तेह्र हजार) विनियोजन गरेको छु ।

**पूर्वाधार विकास :**

५. नगरपालिकाको मेरुदण्डको रुपमा रहेको दुहवी वडा नं. ९, छातावेलीदेखि दुहवी वडा नं. १२, पूर्व कुसाहा क्षेत्रको कृषि सडकसम्म जोड्ने निर्माणाधिन सडक, नगर प्रमुख आवास योजना लगायतका सञ्चालित योजना तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुहवी वडा नं. ७, पासमान टोलको झोलुङ्गे पुलको निर्माण कार्यलाई यसै वर्ष शुरु गरिनेछ। यसका लागि रु. ७,७९,०१,०००। (अक्षेरी सात करोड उनासी लाख एक हजार) विनियोजन गरेको छु ।

६. घर नक्सा सम्बन्धी व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ७ को बुँदा नं ४२ अनुसार घरनक्सा पास सम्बन्धी विशेष व्यवस्था भए अनुसार गरिनेछ । यस न.पा.को वडा कार्यलय मार्फत प्रदान गरिने विजुली तथा खानेपानीको सिफारिस लिदा अनिवार्य रुपमा नक्सा तथा नक्साको प्रमाणपत्र पेश गर्नु पर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

७. दुहवी नगरपालिकालाई सूचना प्रविधिमैत्री बनाइनेछ। कार्यालयको सूचना प्रवाहलाई व्यवस्थित गर्न तथ्यांक सङ्कलन तथा अभिलेखिकरणलाई  सफ्टवेयर मार्फत सञ्चालन गरिनेछ । यसका लागि रु. १५,००,०००। (अक्षेरी पन्ध्र लाख) विनियोजन गरेको छु ।

८. नगर क्षेत्रभित्र उर्जा प्रवद्धन गर्न सोलार, वायो ग्यास र सुधारिएको चुलो लगायतका उर्जा प्रविधिहरुका जडान कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि रु. ३८,००,०००। (अक्षेरी अड्तीस लाख) विनियोजन गरेको छु ।

पूर्वाधार विकास तर्फका कार्यक्रमहरु सञ्चालन गर्न रु.७,२७,९१०००। (अक्षेरी सात करोड सताइस लाख एकानब्बे हजार) विनियोजन गरेको छु ।

## आर्थिक विकास

९. आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको विकास आवश्यक रहेको र यसको विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु। नागरिकको उत्पादन  क्षेत्रको विकासका लागि कृषि क्षेत्रमा सञ्चालित पकेट कार्यक्रमहरुलाई आगामी वर्षको लागि निरन्तरता दिएको छु । तरकारीवालीका लागि नयाँ पकेट क्षेत्र सञ्चालनका लागि समेत थप बजेटको ब्यवस्था गरेको छु। उत्पादन बृद्धि गर्न गहु उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। कृषि उत्पादनहरुको बजारीकरणका लागि कृषि प्रशोधन केन्द्र स्थापना गरिनेछ । वडा नं. ४ मा निर्माणधिन कृषि बजार निर्माण कार्यलाई निरन्तरता दिइनेछ। कृषि विकासका लागि रु. ५,४४,००,०००। (अक्षेरी पाँच करोड चौवालिस लाख) विनियोजन गरेको छु ।

१०. नियमित डिस्पेन्सरी तथा शिविर सञ्चालन, नस्ल सुधार, बाख्राको पकेट प्याकेज कार्यक्रमलाई निरन्तरता दिइनेछ। हरियो घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्दै पशुपन्छी फर्म, समुह, समिति, उद्योग, डेरी पसल, माछा/मासु पसल, बधस्थल, बधशाला, पशु हाटबजार, दाना विक्री केन्द्र लगायतका पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित व्यवसाय यथाशक्य अभिलेखीकरण तथा प्रोत्साहन गर्दै कानूनी दायराभित्र ल्याइनेछ। पशुपन्छी, मत्स्य, घासको स्रोत केन्द्र क्रमश विकास गर्दै मासु तथा मासुजन्य पदार्थमा क्रमशः आत्मनिर्भर हुनेछ। पशु पन्छी विकासका लागि रु. ५१,००,०००। (अक्षेरी एकाउन्न लाख) विनियोजन गरेको छु।

११. आम नागरिकहरुको चाहाना अनुरुप मुल्यसूची अनिवार्य रुपमा राख्न लगाई बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस अन्तरगत सञ्चालन हुने योजनाहरुमा १०१ जना सूचिकृत बेरोजगार नागरिकहरुलाई १०० दिनको रोजगारी सुनिश्चित गरिनेछ। यस आ.व. देखि युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाको सुरुवात गरिनेछ

। यस परियोजनाबाट चालु वर्षका ६६ जना सूचिकृत युवा नागरिकलाई १०० दिनको रोजगारी सुनिश्चित गरिनेछ । यी कार्यक्रमका लागि रु.८३,००,०००। (अक्षेरी त्रियासी लाख) विनियोजन गरेको छु ।

१३. आर्थिक समृद्धिका लागि लघुउद्यमी सृजना तथा प्रवर्द्धन र विकास गर्न गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेल अनुसार नया लघु उद्यमी सृजना, उद्यमशिलता विकास, स्तरोन्नति, उपयुक्त प्रविधि हस्तानान्तरण, बजारीकरण तथा परामर्श, व्यावसायिक योजना निर्माण, एडभान्स तथा पुनर्ताजगी तालिम सञ्चालन, उद्यमीहरुको बिक्री कक्ष स्थापना र साझा सुविधा केन्द्र स्थापना तथा सहजीकरण गरिनेछ । यसका लागि रु.५०,००,०००। (अक्षेरी पचास लाख) विनियोजन गरिएको छु ।

आर्थिक विकास तर्फका कार्यक्रमहरु सञ्चालन गर्न रु. ८,८४,५०,०००। (अक्षेरी आठ करोड चौरासी लाख पचास हजार) विनियोजन गरेको छु ।

## वातावरण तथा विपत व्यवस्थापन :

१४. नगर क्षेत्रभित्र निर्माण हुने आयोजनाहरुको अनिवार्य वातावरणीय अध्ययन गर्ने ब्यवस्था मिलाइनेछ । नगरक्षेत्रभित्रका उद्योगहरुबाट निष्कासन हुने वातावरणीय प्रदूषण नियन्त्रणका कार्य कडाइका साथ अगाडि बढाइनेछ । हरियाली प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । ठोस फोहोरमैला ब्यवस्थापन गर्न जनचेतनाको कार्यक्रम सञ्चालन गरिनेछ र प्रशोधन प्लान्टको निर्माण सम्पन्न गरी कम्पोष्ट मल बनाउने कार्य अगाडि बढाइनेछ साथै फोहोरमैला प्रशोधन केन्द्र मार्फत प्रशोधन हुन सक्ने फोहोरलाई मानव उपयोगी स्रोतमा परिवर्तन गरी आय आर्जन र रोजगारी सिर्जना गरिनेछ । यसका साथै वातावरण प्रदूषण मापन यन्त्र जडान गरिनेछ ।

१५. नगर क्षेत्रभित्रको प्रकोप जोखिमको नक्सांकन कार्य गरी विपत पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपत व्यवस्थापनका कार्य गरिनेछ । दुहवी आपतकालिन सञ्चालन केन्द्रलाई अध्यावधिक गरी स्रोत साधन सम्पन्न बनाइनेछ ।

वातावरण तथा विपत व्यवस्थापन तर्फका कार्यक्रमहरु सञ्चालन गर्न रु. १,२८,००,०००। ( अक्षेरी एक करोड अठाइस लाख) विनियोजन गरेको छु ।

## शुसासन तथा संस्थागत विकास

१६. कार्यालयको काममा प्रभावकारीता ल्याउनका लागि कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न विभिन्न किसिमका तालिमहरु सञ्चालन गरिनेछन् । सघींय सरकारबाट आगामी आ.व.देखि सबै कर्मचारीहरुको खाइपाइ आएको तलबमानमा रु. २ हजार बृद्धि गरेको छ । सो अनुसार सबै

नगरपालिका अन्तरगत कार्यरत सर्म्पूण कर्मचारीहरुको सोही बमोजिम रु. २ हजार थप गरिनेछ । कर्मचारीहरुको प्रोत्साहन तथा पुरस्कार व्यवस्थापनका लागि कार्य जिम्मेवारीका आधारमा कानून निर्माण गरी व्यवस्थापन गरिनेछ । कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित, मर्यादित, पारदर्शी र प्रभावकारी बनाउन नगरपालिका अन्तरगका सम्पूर्ण वडा कार्यालयहरुमा समेत गुनासो व्यवस्थापनका लागि गुनासो पेटिकाको व्यवस्था गरिनेछ। यसका साथै निर्माणाधिन प्रशासकीय भवनको निर्माण कार्यलाई यसै वर्ष सम्पन्न गरिनेछ । यसका लागि रु. १५,२९,१०,९७६। (पन्ध्र करोड उन्तीस लाख दश हजार नौ सय छयत्तर) विनियोजन गरेको छु ।

वडागत विकासका लागि वडाको आवश्यकता अनुसार योजना निर्माण गरी कार्यान्वयन गर्न जम्मा रु. ९,८३,५४,०००। (नौ करोड त्रियासी लाख चौवन्न हजार) विनियोजन गरेको छु । यसबाट सबै वडाको सन्तुलित विकास हुने अपेक्षा गरेको छु ।

नगर प्रमुखलाई विभिन्न विशेषज्ञ क्षेत्रमा आवश्यक पर्ने उपयुक्त सुझाव दिनका लागि वातावरण विज्ञ, अर्थ शास्त्री, सहरी पूर्वाधार विकास विज्ञ, सहकारी विज्ञ र समाजशास्त्री रहेको एक विशेषज्ञ सल्लाहकार समिति गठन गरी नगरको विशेष क्षेत्रको विकासमा यस समितिलाई परिचालन गरिनेछ ।

समग्र कार्यक्रममा चालु खर्च रु.४०,००,६९,९७६। (अक्षेरी चालिस करोड उन्सत्तरी हजार नौ सय छयत्तर) र पूँजीगत खर्च रु. २९,२१,४९,०००। (अक्षेरी उन्तीस करोड एकाइस लाख उन्चास हजार) गरी जम्मा रु. ६९,२२,१८,९७६। (अक्षेरी उन्सत्तरी करोड बाइस लाख अठार हजार नौ सय छयत्तर) खर्च हुने गरी विनियोजन प्रस्ताव गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आय तर्फको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु। विनियोजित रकम रु. ६९,२२,१८,९७६। (अक्षेरी उन्सत्तरी करोड बाइस लाख अठार हजार नौ सय छयत्तर) मध्ये वित्तीय समानीकरण संघीय सरकार बाट रु. १६,८६,००,०००। (सोह्र करोड छयासी लाख), वित्तिय समानीकरण प्रदेश सरकारबाट रु. ९९,११,०००।(उनान्सय लाख एघार हजार) , सशर्त अनुदान संघीय सरकारबाट रु. २१,७२,००,०००। (एकाइस करोड बहत्तर लाख), सशर्त अनुदार संघीय सरकार पूँजीगत रु.३,२३,००,०००।, (तीन करोड तेइस लाख) सशर्त अनुदान प्रदेश सरकारबाट रु. १,२८,४९,०००। (एक करोड अठाइस लाख उनन्पचास हजार) , विशेष अनुदान संघीय सरकार रु. २,४९,००,०००। (दुई करोड उनन्पचास लाख) , समपुरक अनुदान प्रदेश सरकारबाट रु. १,००,००,०००। (एक करोड) र राजश्व बाडफाड संघीय सरकारबाट रु. ९,३२,८३,०००। (नौ करोड बतीस लाख त्रियासी हजार), राजश्व बाँडफाँड प्रदेश सरकारबाट रु.१,०३,५२,४००। (एक करोड तीन लाख बाउन्न हजार चार सय) तथा वर्तमान दरमा आन्तरिक स्रोत परिचालनबाट रु. १०,००,००,०००।

(दश करोड) ब्यहोरिनेछ । उल्लेखित आय रकमबाट प्रस्तावित खर्च पूरा गर्न रु. १,२८,२३,५७६। (एक करोड अठाइस लाख तेइस हजार पँचा सय छयत्तर) खुद न्युन हुन जाने देखिन्छ। न्युन हुने रकम राजश्वका दरहरुमा गरिएको सुधारबाट, ऋण लिएर र चालु आ.व.मा खर्च हुन बाकी रही अ.ल्या.हुने रकमबाट परिपूर्ति गरिनेछ ।

संघीय सरकारबाट प्रस्तावित कार्यक्रमहरुमा स्थानीय सरकारको समेत दायित्व रहने गरी कार्यक्रमहरु प्राप्त हुने र त्यस्ता कार्यक्रमहरुमा अनिवार्य रुपमा विनियोजन गर्नुपर्ने बाध्यता सिर्जना भएको छ भने संघीय सरकार तथा प्रदेश सरकारहरुले उपलब्ध गराउने स्रोतमा खासै बृद्धि नभएको हुँदा विकास कार्यक्रमको माग संबोधन गर्न कठिनाइ सिर्जना भएको छ। आन्तरिक स्रोतलाई भरपर्दो र दिगो व्यवस्थापन नगर्ने हो भने नगरपालिकाबाट विकासका कार्यक्रमहरु सञ्चालन गर्न कठिन हुने अवस्था छ। तसर्थ चालु आ.व.मा राजश्व सम्भाब्यताका सबै क्षेत्रहरुको अध्ययन गरी राजश्व बृद्धिका लागि कार्ययोजना तयार गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

शीर्षकगत बजेटको विस्तृत विवरण अनुसूचीहरुमा पेश गरेको छु । सबै पक्षको सकृय सहभागितामा मात्र लक्ष्यहरु पूरा हुने हुदा सबैको सकृय सहभागिताको हार्दिक अनुरोध गर्दै मेरो प्रस्तुति अन्त्य गर्ने अनुमति चाहन्छु ।